माननीय मुख्यमन्त्री शालिकराम जम्कट्टेलको जन्म वि.सं.२०३० साल भाद्रमा साबिकको किराञ्चोक गाविस वडा नं. ९ हाल गजुरी गाँउपालिका वडा नं. ७ मा बुबा लोकनाथ जम्कट्टेल र आमा रुमकुमारी जम्कट्टेलको कोखबाट भएको हो । बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवम् धादिङ जिल्ला इन्चार्ज हुनुहुन्छ। मानविकी तथा कानुन शास्त्रमा बि.ए. तथा  बि.एल. सम्मको अध्ययन गर्नुभएका मुख्यमन्त्री जम्कट्टेलले वि.सं.२०४४ सालमा अखिल छैटौंमा आबद्ध भई विद्यार्थी राजनीति सुरु गर्नुभएको थियो । वि.सं.२०४८ सालबाट औद्योगिक मजदुर संगठनको ललितपुर जिल्ला कमिटी सदस्य हुँदै केन्द्रीय कोषाध्यक्ष र अध्यक्ष बन्नुभएका जम्कट्टेल माओवादी जनयुद्धमा पनि निरन्तर क्रियाशील रहनुभयो । वि.सं.२०६० सालबाट वि.सं. २०७४ साल माघसम्म माओवादी केन्द्र निकट अखिल नेपाल ट्रेड युनियन महासंघको अध्यक्ष बन्नुभएका जम्कट्टेल वि.सं.२०६३ सालमा अन्तरिम बिधायक र वि.सं.२०६४ सालमा भएको संविधानसभाको पहिलो निर्वाचनमा धादिङ जिल्ला निर्वाचन क्षेत्र नम्बर ३ बाट सबिधानसभा सदस्यमा निर्वाचित हुनुभयो। त्यसैगरी वि.सं.२०७४ सालमा सम्पन्न प्रदेशसभा निर्वाचनमा धादिङ १(२) बाट निर्वाचित हुनुभयो । प्रदेश स्थापना देखि नै ने.क.पा. (माओवादी केन्द्र) को संसदीय दलको नेताको रुपमा प्रभावकारी भूमिका निर्वाह गर्दै आउनुभएका जम्कट्टेल तत् पश्चात प्रदेशसभाको सदस्य, बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्री र आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतमा सन्तुलित र प्रभावकारी भूमिका निर्वाह गर्दै प्रदेश सरकारलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । वि.सं.२०७९ मंसिर ४ गते सम्पन्न निर्वाचनमा पुनः सोही निर्वाचन क्षेत्रवाट बागमती प्रदेशसभा सदस्य निर्वाचित भए पश्चात ने.क.पा. (माओवादी केन्द्र) को बागमती प्रदेश संसदीय दलको नेताको हैसियतमा गठवन्दन सरकारको मुख्यमन्त्रीको रूपमा २०७९ पौष २५ गते नियुक्त भई बागमती प्रदेश सरकारको नेतृत्व गरिरहनुभएको छ । वहाँको श्रीमती र एक छोरी हुनुहुन्छ । वहाँले स्विजरल्याण्ड, जर्मनी, फ्रान्स, पेरू, चिन, जापान, कोरिया, थाइल्याण्ड, फिलिपिन्स, सिगापुर, श्रीलंका, इन्डोनेसिया र भारत लगायतका देशहरूको अध्ययन भ्रमण गर्नुभएको छ ।